नेपाल सरकार
वन तथा भूसंरक्षण मन्त्रालय
वन विभाग

# सामुदायिक वन महाशाखा

**बबरमहल, काठमाण्डौं**

प.सं.:
च.नं.: 26

मिति: २०७४/०७/२१

**विषय: आन्तरिक खपतको लागि संकलित काठ वाह्य विक्री वितरण गर्ने सम्वन्धमा ।**

**श्री जिल्ला वन कार्यालय**
**चुरे क्षेत्रका ३६ जिल्ला ।**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१/२३ को निर्णय अनुसार चुरे तराई-मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना स्वीकृत भएको र स्वीकृत गुरुयोजनमा "अगामी ५ वर्षमा सवै प्रकारका वन प्रणालीहरुमा वन सम्वर्धन (Silvicultural System) मा आधारित वन व्यवस्थापन गरिने छ । सवै कार्ययोजनाहरुलाई सोही अनुसार परिमार्जन गरिने छ" भनी उल्लेख भए वमोजिम सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ मा संशोधन वा अन्य व्यवस्थावाट सो विषयमा सम्वोधन नहुंदा सम्म चुरे क्षेत्रमा पर्ने सामुदायिक वनको काठ सदुपयोग गर्ने सम्वन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७२/१/२५ को निर्णय अनुसारनै हुने जानकारीनै छ ।

हाल कतिपय उपभोक्ता समूहले जिल्ला वन कार्यालयवाट आन्तरिक खपतको लागि भनी वार्षिक स्वीकार्य कटानको परिधिभित्र ढलापडा सहित सख्खड खडा, मर्नलागेका, रोग लागेका र बाङ्गाटिङ्गा (Dead, dyieng, diseased and deformed) रुखहरुबाट समेत काठदाउरा संकलन गर्न सहमति लिने र पछि आएर आन्तरिक खपत हुन नसकेको भनि समिति तथा समूहबाट निर्णय गरी जिल्ला वन कार्यालय मार्फत बाहिरी बिकी गर्न विभागमा सहमती माग गरेको देखिन्छ । आन्तरिक खपतको लागि सुख्खड खडा रुखहरुवाट समेत संकलित काठ चुरे क्षेत्रको लागि विद्यमान व्यवस्था अनुसार समूहभन्दा वाहिर विक्री वितरण गर्न विभागीय सहमति दिन सकिने व्यवस्था नरहेको हुँदा अर्को निर्णय नआउँदासम्म आन्तरिक खपतको लागि सुख्खड खडा रुखको संकलन सहमति दिंदा सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका २०७१ को परिच्छेद २ दफा ५(१) र (२) को व्यवस्था कडाइकासाथ लागु गर्न गराउनुहुन आदेशानुसार अनुरोध छ ।

2074/6/22

प्रकाश लम्साल
(सामुदायिक वन विकास अधिकृत)

सामुदायिक वन विकास अधिकृत